नेपाल सरकार

# शिक्षा मन्त्रालय

(.................................................. शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
चलानी नं.:- १३६

मिति २०७४/०५/०५

श्री जिल्ला शिक्षा अधिकारीज्यू,
७५ जिल्ला ।

**अति जरुरी**

विषय : परिपत्र गरिएको ।

स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४, बमोजिम शिक्षा सेवा अन्तरगतका कर्मचारीहरुलाई स्थानीय तह ( गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका) मा पठाउनको लागि मिति २०७४/५/२ गते माननीय उपप्रधानमन्त्री एवम् शिक्षा मन्त्री श्री गोपालमान श्रेष्ठज्यूको समुपस्थितिमा बसेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन गर्नका लागि निर्णय उतार गरी यो परिपत्र पठाइएको छ । प्राप्त हुनासाथ त्यस कार्यालयबाट गर्नुपर्ने कार्य पूरा गरी ३ (तीन) दिनभित्र संलग्न ढाँचा अनुसारको विवरण फारम तयार गरी यस मन्त्रालयको क.प्र. शाखामा पठाउनु हुन अनुरोध छ । तोकिएको समयभित्र विवरण प्राप्त नभएमा त्यसबाट कर्मचारीको व्यवस्थापनमा पर्न जाने अफठ्यारोको जिम्मेवारी सम्बन्धित जि.शि.अ. हुनुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

## सम्बन्धित निर्णय उतार

**निर्णय नं. १**

संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा सबै स्थानीय तहहरुमा शैक्षिक कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि स्थानीय निकायहरुको मागको आधारमा उपलब्ध जनशक्ति मध्येबाट अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिमका निकायहरुले कर्मचारी यथाशीघ्र काजमा खटाउने ।

(क) शिक्षा मन्त्रालय र मातहतका केन्द्रीय निकायमा कार्यरत सबै तहका र मातहत निकायका राजपत्राङ्कित द्वितीय श्रेणी वा सोभन्दा माथिका कर्मचारी शिक्षा मन्त्रालयले पठाउने ।

(ख) शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र मातहतका निकायहरुमा कार्यरत राजपत्राङ्कित तृतीय श्रेणी र सोभन्दा तल्लो तहका सबै श्रेणीका कर्मचारीहरु दोहोरो नपर्ने गरी शिक्षा विभागले खटाउने ।

(ग) शिक्षा विभाग मातहतका एक जिल्लाका राजपत्र अनङ्कित कर्मचारीलाई अर्को जिल्लामा पठाउँदा शिक्षा विभागले पठाउने ।

नेपाल सरकार

# शिक्षा मन्त्रालय

(.................................................. शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

(घ) जिल्ला शिक्षा कार्यालय अन्तंगत कार्यरत राजपत्र अनङ्कित कर्मचारीहरु खटाउँदा दोहोरो नपर्ने गरी जिल्ला शिक्षा अधिकारीले शिक्षा विभागको पूर्व सहमति लिई जिल्ला व्यवस्थापन समिति मार्फत खटाउने

**निर्णय नं. २**

शिक्षा सेवा अन्तरगतका कुनै कर्मचारीले कुनै स्थानीय तहमा जान ईच्छा गरी निवेदन दिएमा त्यस्ता कर्मचारीहरुलाई उपयुक्तता हेरी आवश्यकतानुसार खटाइ पठाउन सकिनेछ ।

**निर्णय नं. ५**

जिल्लाभित्रका स्थानीय तहहरुमा के कति संख्या र कुन कुन दर्जाका शैक्षिक जनशक्तिको आवश्यकता पर्दछ सो विषयमा ७५ वटै जि.शि.अ.हरुले सम्बन्धित पक्षसँग समन्वय गरी आधिकारिक रुपमा विवरण संकलन गरी नपुग हुने कर्मचारीको व्यवस्थापनको लागि यथाशीघ्र शिक्षा मन्त्रालय र शिक्षा विभागलाई लेखी पठाउन निर्देशन दिने ।

**निर्णय नं. ६**

चालू आर्थिक वर्षका लागि स्वीकृत भएका कार्यक्रमहरुमध्ये जिल्ला शिक्षा कार्यालयले सम्पन्न गर्नुपर्ने कार्यक्रमहरुको सञ्चालन गर्न जि.शि.अ.को सहयोगार्थ न्यूनतम संख्यामा सहायक कर्मचारीलाई दोहोरो जिम्मेवारी बहन गर्ने गरी कार्यक्षेत्र तोक्नुपर्ने आवश्यकता देखिएमा शिक्षा विभागसँग सहमति लिई जिम्मेवारी तोकी कार्य सम्पादन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।

**निर्णय नं. ८**

आ.व. शुरु भई श्रावण महिना समाप्त भई सकेको सन्दर्भमा शिक्षक तथा कर्मचारीहरुलाई तत्काल तलब भत्ता भुक्तानी दिनुपर्ने समय आइसकेकोले शिक्षक तथा विद्यालय कर्मचारीको तलब भत्ता उपलब्ध गराउने आवश्यक व्यवस्थाका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

दीपक कोइराला
उप-सचिव

**बोधार्थ तथा कार्यार्थ**
श्री शिक्षा विभाग
सानोठिमी भक्तपुर ।

# जिल्लास्थित स्थानीय तहबाट माग भएको शैक्षिक जनशक्तिको विवरण

| सि.नं. | स्थानीय तहको नाम | माग भएको शैक्षिक जनशक्ति संख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | रा.प. प्रथम | रा.प.द्वितीय | रा.प.तृतीय | रा.प.अनं प्रथम | रा.प.अनं. द्वितीय | श्रेणी विहिन | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| १६ | | | | | | | | |
| १७ | | | | | | | | |
| जम्मा:- | | | | | | | | |

विवरण तयार गर्ने

जि.शि.अ.

## स्थानीय तहमा खटाउने शैक्षिक जनशक्ति सम्बन्धी विवरण फाराम

| सि.नं. | स्वीकृत दरबन्दी | | कार्यरत कर्मचारीहरुको नाम | हालको पदमा नियुक्ति मिति | जान चाहेको जिल्ला र तहको नाम | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | श्रेणीगत | संख्या | | | जिल्ला | स्थानीय तह | |
| १ | रा.प. द्वितीय | | | | | | |
| २ | रा.प. तृतीय | | | | | | |
| ३ | रा.प.अ नं प्रथम | | | | | | |
| ४ | रा.प.अ नं द्वितीय | | | | | | |
| ५ | श्रेणी विहिन | | | | | | |

विवरण तयार गर्ने

जि.शि.अ.
प्रमाणित गर्ने